# ईन्द्रावती गाउँपालिकाको आ.व. २०८०/ ०८१ सालको नीति तथा कार्यक्रम

**दोस्रो गाउँ सभाको चौथो अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रम**

**आ.व. २०८०/२०८१**

**सभाध्यक्ष ज्यु, उपाध्यक्ष ज्यू सभाका सम्पूर्ण सदस्यज्यूहरु , प्रमुख प्रशासकीय अधिकृत ज्यु ,गाउँपालिकाका विषयगत शाखाका प्रमुख ज्युहरु, वडासचिव ज्यूहरु, गाउपालिकामा कार्यरत कर्मचारी ज्यूहरु, सहकारीकर्मी ज्युहरु प्र.अ सरहरु, पत्रकार, सुरक्षाकर्मी तथा गाउँपालिकामा वसोवास गर्ने र रेडियोवाट प्रत्यक्ष रुपमा सुनिरहनु भएका गाउँपालिकावाशी आदरणीय आमा, वुवा, दाजु, भाइदिदि, वहिनीहरु ,**

**म शशिनाथ आचार्य गाउँपालिकाको प्रवक्ताको हैसियतले आगामी वर्षको नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित भएको महशुस गरेको छु ।**

सभाध्यक्ष महोदय,

स्थानीय तहको दोस्रो निर्वाचन गते मिति २०७९ बैशाख ३० गते सम्पन्न भई उक्त निर्वाचन मार्फत प्राप्त नयाँ जनादेश बमोजिम वर्तमान जनप्रतिनिधि निर्वाचित भई आएको करिब एक वर्ष एक महिना व्यतित भइसकेको छ । ईन्द्रावतीका आम नागरिकको विकास, रुपान्तरण, संमृद्धि र सत्कर्मको लक्ष्य प्राप्तीको तिब्र चाहना परिपूर्ति गर्नुपर्ने गहन जिम्मेवारी यस गाउँसभा उपर रहेको छ । हामीलाई आफ्नो अमूल्य मत मार्फत निर्वाचित गराउनु हुने आम ईन्द्रावतीका मतदातालाई एकपटक पुनः सम्झिदै उहाँहरुका हामीप्रतिका आशा, अपेक्षा र भरोषालाई उच्च सम्मान र प्राथमिकतामा राखेर चालू आ.व.को नीति तथा कार्यक्रमले केही उपलब्धि हासिल गरेको र थप उपलब्धि हासिल गरिने प्रतिबद्धता सहित यो नीति तथा कार्यक्रम तय गरिएको म सविनय निवेदन गर्दछु । हामिहरु स्थानीय तहको दोस्रो कार्यकालको दोस्रो वर्षमा प्रवेश गर्दै गर्दा चौथो गाउँसभामा आज उपस्थित भएका छौं । यस गाउँपालिकाको गरिमामय दोस्रो गाउँ सभाको चौथो अधिवेशनमा हाम्रो निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनुभएका गाउँ सभाका सम्पूर्ण सदस्य ज्युहरु लगायत सम्पुर्ण महानुभावहरुमा मेरो व्यक्तिगत र गाउँ कार्यपालिकाको तर्फबाट न्यानो अभिवादन सहित हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथमतः मुलुक र जनताका अधिकारलाई संविधान र कानुनमा सुनिश्चित गर्न तथा राष्ट्रलाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा जनविद्रोह र जनआन्दोलनमा प्राणको उत्सर्ग गर्नुहुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । यसै गरि भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपत्ति, कोरोना भाइरस **(कोभिड १९) लगायतका** विश्वव्यापी महामारीका कारण मृत्युवरण गर्नुभएका सम्पूर्ण व्यक्तिहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।

स्थानीय तहको दोस्रो निर्वाचन २०७९ वाट निर्वाचित हामी जनप्रतिनिधिहरुले पदभार ग्रहण गरि कार्यारम्भ गरेको एक वर्ष एक महिनाको समयावधि व्यतित गरिसकेका छौं । एक प्रकारले भन्ने हो भने हामी जनताको कठघराको अग्नी परीक्षामा दिईरहेका छौं, यो एक वर्षे अवधीमा सफल भयौं या भएनौं, मूल्याङ्कन गर्ने जिम्मा नागरिककै ईजलासमा सुम्पिन्छौं । नागरिकको हाम्रा प्रतिको विश्वास र भरोसालाई अझ बढाउँदै अपेक्षित विकास, निर्माण र परिवर्तनमुखी कार्यका माध्यमबाट उद्यमशीलता र स्वरोजगारी सिर्जना गर्दै ईन्द्रावतीका नागरिकको जीवनस्तर माथि उठाउँनु पर्ने छ । स्थानीय तहलाई प्राप्त सबै अधिकारहरुलाई कानुन, नीति, कार्यविधि र दीर्घकालिन योजना बनाएर नागरिकको घरदैलो सम्म पुर्याउनु पर्ने छ । स्थानीय सरकारको मर्म र भावनालाई नागरिकका एजेण्डा र सरोकारसंग जोड्दै स्थानीय तहलाई ससक्त र प्रभावकारी बनाउन हामीले विगतमा भन्दा थप भूमिका निर्वाह गरिनु आवश्यक छ । सीमित स्रोत साधनबाट जनताका असिमित आवश्यकता सम्वोधन गर्नुपर्ने वाध्याताका वीच विभिन्न प्राकृतिक प्रकोपको समेत सामना गर्नु परिरहेको छ । यस घडीमा हामी आगामी वर्षको नीति तथा कार्यक्रम र वजेट तर्जुमाको यो छलफलमा छौ ।

स्थानीय सरकार प्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्युनतम् पूर्वाधारहरुको समेत कमी, विभिन्न कारणले विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दिका कारण विकास निर्माणका क्रियाकलापमा पुग्न गएको क्षति, र सुस्तता, रोजगारीका अवसरहरुको सीमितताका बीचबाट माथि उठ्दै उपलब्ध स्रोत साधनलाई कुशलतापुर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहदै पनि गाउँपालिका प्रतिको गाउँवासीहरुको सद्भाव, विकास र समृद्धि प्रतिको गाउँपालिकावासीहरुको उत्कृष्ट चाहनाको परिणामस्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउँन सकिने कुरामा म पूर्ण विश्वस्त छु । गाउँपालिकाको कोषमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त तथा हाम्रै आन्तरिक स्रोतको सीमित बजेटका अलावा अन्य गैर सरकारी क्षेत्रका विकास साझेदारहरुका तर्फबाट विकास आयोजनाहरु तर्जुमा र कार्यान्वयनका लागि गाउँपालिकासंगको सम्पर्क र समन्वयमा उच्चस्तरको परामर्श र सहयोग प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पन्धौ आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना,

गाउँपालिकाको आवधिक योजना, मध्यकालीन खर्च संरचना र प्रस्तुत योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव र सिकाईका आधारमा आगामी आ.व. को लागि प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयार गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रम सो का आधारमा निर्माण गरिएको बजेट कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै **समृद्ध नेपाल, सुखि नेपाली** को राष्ट्रिय आकांक्षा पुरा गर्दै सुखी र खुशी ईन्द्रावती बासीको मर्मलाई सार्थक र साकार पार्दै यहाँका नागरिकको शान र गौरव वृद्धिमा समेत सहयोग पुग्ने विश्वास लिएको छ।

**सभाध्यक्ष महोदय**

**अव म ईन्द्रावती गाउँपालिकाको विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौतीहरुका वारेमा प्रकाश पार्न चाहन्छु ।**

**क० विद्यमान अवसरहरूः**

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु । गाऊपालिकाका सडकहरु कालोपत्रे गर्नेक्रम सुरु हुनु ।
- सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजारसम्मको पहुँच स्थापित हुनु ।
- घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु

**ख) विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य
- पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण
- कार्यलाई रोक्नु।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु । रहेका छन

**सभाध्यक्ष महोदय,**

**अव म यस गाउँपालिकाको नीति कार्यक्रम र वजेटका उदेश्यहरु निम्न वमोजिम रहनेछन**

क) नागरिकका आवश्यकता, चाहना र मागलाई ध्यानमा राख्दै अत्यावश्यक पूर्वाधारहरुको प्रवन्ध मिलाउने ।

ख) उपलब्ध श्रोत, साधन र अवसरको उच्चतम परिचालन गरि **सुखी र खुसी इन्द्रावती बासी - संमृद्धीका लागि विकासमा तीब्र गति** भन्ने मान्यताका साथ आर्थिक, सामाजिक र मानवीय संशाधनको विकास गर्ने ।

ग) वातावरणीय प्रभाव मुल्यांकन गरि वातावरण अनुकुलन दिगो विकासको अवधारणाका आधारमा ठुला पुर्वाधार विकास कार्यक्रम संचालन गर्ने ।

(घ) गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको मान्यतालाई कार्यन्वयन गर्ने ।

यिनै सम्भावना र चुनौति वीच आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु जसको लक्ष आर्थिक, सामाजिक तथा समन्यायीक विकास सहित इन्द्रावती गाउँपालिकालाई समृद्ध बनाउनु रहेको छ ।

**सभा अध्यक्ष महोदय,**

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, प्राथमिकता तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१. पूर्वाधार विकास सम्बन्धी नीति :**

(क) इन्द्रावती चक्रपथ निर्माण कार्यको सम्भाव्यता अध्ययन गरी सम्भाव्य रुट यकिन भई संघिय सरकार, प्रदेश सरकार छिमेकी पालिकाहरु सँग समन्वय गरि निर्माण कार्यलाइ निरन्तरता दिइने छ ।

(ख) गाउँपालिकाले तयार गरेको सडक यातायात गुरुयोजना वमोजिम प्रदेश सरकार सँगको समन्वयमा गाउँपालिकाको केन्द्रबाट १२ वटै वडा कार्यालयसम्म आवत जावत गर्ने सडक स्तरोन्नती गरी बाह्रै मास सवारी चल्न सक्ने बनाइने छ ।

(ग) अधुरा रहेका वडा कार्यालय भवनहरु निर्माण तथा मर्मत सम्भार सम्पन्न गरिने छ । साथै सवै वडा कार्यालयहरुमा वैकल्पिक उर्जा सहितको सुविधाको व्यवस्था गरिनेछ ।

((ङ) भूकम्पबाट क्षति भएका अझैसम्म निर्माण नभएका विद्यालय भवनहरु निर्माण कार्यको थालनी गरिने छ ।

(छ) दोस्रो गाउँ सभाको पहिलो अधिवेशनवाट पहिचान भएका झोलुङ्गे पुलहरुको निर्माण कार्यलाई तिब्रता दिइने छ ।

(ज) तोकिएको मापदण्ड अनुरुप उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण ब्यवसायी र फर्मलाई पुरस्कृत गरिने छ

(झ) दीगो विकासको मान्यता अनुरुप सडक मापदण्ड पूर्ण रुपमा पालना गरिनेछ ।

(ञ) मध्य पहाडी लोकमार्गसंग जोडिएका ईन्द्रावतीका बस्तीसम्म आवतजावत गर्ने मुल सडकहरु आगामी अ.व. ०८०/०८१ भित्रै हिउँद वर्षा दुबै मौसममा सवारी आवगमन हुने व्यवस्था मिलाइने छ । वडा कार्यालय र गाउँपालिकाको कार्यालय जोड्ने मुख्य सडकहरु विना अवरोध निर्वाध सवारी चल्नसक्ने व्यवस्था मिलाइने छ ।

(ट) ग्रामीण विद्युत खपतको दर बढाउँदै लौजाने नीतिलाई निरन्तरता दिइनेछ ।

(ठ) नेपाल विद्युत प्राधिकरण सँगको समन्वयमा विद्युतीय दुर्घटनाबाट हुने क्षतिलाई निर्मुल गर्दै नाङ्गो तारलाई केवल तारले क्रमस : विस्थापन गरिदै जाने नीति निरन्तरता दिइने छ ।

(ड) अझैसम्म विजुलीबत्तीको सेवाबाट बञ्चित घर तथा बस्तीमा विद्युत सेवा विस्तार गरिने छ । सबै घरलाई विद्युतको मुख्य प्रशारण लाइनको पहुँचमा पुर्‍याईने छ ।

(ढ) सडक मर्मत सम्भार कोषमा थप रकम व्यवस्था गरि एकपटक निर्माण सम्पन्न भई बिग्रे भत्केका सडकहरुलाई सोही कोषको रकम मार्फत मर्मत सम्हार गरिने छ । सडकमा ढल निकासको रेखदेख गर्न र क्षति हुन नदिने व्यवस्था गर्नका लागि मुख्य मुख्य सडकहरुमा सडक हेरालुको व्यवस्था गरिने छ ।

(ण) भवन निर्माण गर्दा अनिवार्य रुपमा भवन संहिताले तोकेको मापदण्ड अनिवार्य रुपमा पुरा गर्नुपर्ने र नक्सा पास गर्नुपर्ने प्रावधान सुनिश्चित गरिने छ । पहिले बनिसकेका नक्सा नियमित गर्न विशेष व्यवस्था गरिने छ ।

(त) नेपाल सरकार र प्रदेश सरकार सँगको समन्वयमा इन्द्रावती नदी किनारामा रहेका फाँट तथा टारहरुलाई सिँचाइ सुविधा उपलब्ध गराउँन कम्तीमा ४ ठाउँमा भूमिगत सिँचाइको प्रवन्ध मिलाइने छ । माथिल्ला टार तथा फाँटहरुमा सिँचाईको प्रवन्ध गरि उपादकत्व बढाइने छ ।

(थ) (द) पालिका क्षेत्र भित्रका सबै खानेपानी आयोजनाहरुको लगत उतार गरी N-WASH सिस्टममा सुचिकृत गरिने छ । यसै आ.व. भित्र N-WASH Plan बनाई प्राथमिकताको आधारमा आयोजना कार्यन्वयन गरिने छ ।

(द) गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालय, वडा कार्यालयहरु, स्वास्थ्य कार्यालय तथा इकाईहरु लगायतका सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने छ ।

ध) **<u>हरित सडकको</u>** अवधारणालाई कार्यान्वयन गर्दै सम्वन्धित वडा कार्यालयको समन्वयमा ज्यामिरेमाने नवलपुर सडक पुष्पलाल लोकमार्ग , सिपाघाट चौतारा सडक खण्डको दायाँ बायाँ वृक्षारोपण गरिनेछ ।

न) गाउँपालिका भित्रका नवलपुर लगायतका बजार क्षेत्र तथा बजार उन्मुख टोल वस्तीका सडकहरुमा वैकल्पिक उर्जा मार्फत **<u>"उज्यालो सडक" कार्यक्रम</u>** तर्जुमा एंव कार्यन्वयन गरिनेछ ।

प) साना साना पानीका स्रोत भएका स्थानहरुमा रिजर्भ ट्याङ्की निर्माण गरी सिँचाई योजनाहरु सञ्चालन गरिने छ ।

फ) गाउँपालिकामा रहेका कृषि सडकहरुको स्तरोउन्नती गर्न थप पहल गरिने छ ।

(व) बस्तीसम्म जाने परम्परागत गोरेटो बाटोको स्तरोन्नती गरिनेछ । निकास, चरन क्षेत्र आदिको संरक्षण गरिने छ ।

भ) नेपाल सरकार, वागमती प्रदेश सरकार र गाउँपालिकाको लगानीमा यसै वर्ष कुल ३० किमि सडक कालोपत्रे गरिनेछ र ५० किमि सडक ग्राभेल गरिनेछ ।

म) सडक दुर्घटनालाइ न्यूनिकरण गर्न गाउँपालिकाका रणनैतिक रुपमा महत्व राख्ने प्रमुख सडकहरुमा टाफिक संकेतहरु र सडकको जानकारीमुलक विवरण राखि नेपाल सरकार र प्रदेश सरकारका निकायहरुमा अभिलेखका लागि पठाइनेछ ।

## २. आर्थिक विकास

### २.१ कृषि तथा पशुपालन

(क) खेती योग्य जग्गा बांझो राख्न नपाउने गरि खालि जग्गाहरुमा सम्बन्धित जग्गा धनिहरुको समन्वयमा भाडामा जग्गा लिई व्यक्तिगत फर्म वा **सामुहिक कृषि** को अवधारण अनुरुप समुह मार्फत **सामुहिक खेती कार्यक्रम** संचालन गरि स्वरोजगार मुलक कार्यक्रम संचालन गर्न प्राविधीक सहयोग साथै मल र वीऊमा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत अन्य संघ संस्था र दातृ निकायसंग साझेदारी गरिनेछ ।

(ख) जंगली जनावरको आतंकबाट पीडित किसानलाई उक्त आतंकबाट मुक्त गर्न सोही अनुरुपका खेतीबाली लगाउँन प्रोत्साहन गरिनेछ ।

- बैदेशिक रोजगारीवाट फर्किएका रोजगार विहिन भएका २० देखि ४० वर्ष उमेर समुहका युवाहरुलाई व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क र करमा शत प्रतिशत छुटको व्यवस्था मिलाइने छ । बैंक तथा सहकारीसंगको समन्वयमा त्यस्ता युवालाई बिना धीतो विना ब्याजको रु ५ लाख सम्मको ऋण पाउँने प्रवन्ध मिलाइने छ ।
- कृषि तथा पशुपालन कार्यलाई पुर्ण व्यवसायिक बनाउन उत्पादनमा आधारीत **उत्कृष्ठ कृषक विशेष अनुदान** कार्यक्रम अवलम्बन गरिने छ ।
- गाई, भैंसीमा निशुल्क कृतिम गर्भाधानको प्रवन्ध मिलाइने छ । वाखा र वंगुरमा पनि कृत्रिम गर्भाधानलाई प्रोत्साहन गरिनेछ । कृत्रिम गर्भाधानका लागि विज सुरक्षण केन्द्र स्थापना गरिने छ ।
- उत्पादन साथमा अनुदान हातमा भन्ने नीति अनुरुप सहकारी संस्थाहरुको समन्वयमा कृषकले उत्पादन गरेका फलफुल, तरकारी, खाद्यान्न, माछा मासुको बजार प्रवन्ध मिलाइने छ । तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई उत्पादनमा अनुदान दिई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमश निर्माण गर्दै लगिने छ । सहकारी मार्फत उत्पादित वस्तुहरुको बजार सुनिश्चित गरिने छ । लागत मूल्यभन्दा बिक्रीमूल्य कम भएमा त्यस्ता किसानलाई राहतको प्रबन्ध मिलाउँने नीति लिइनेछ ।
- माटो परीक्षण शिविर संचालन गरि सबै वडाहरुमा माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ । सम्भाव्यताका आधारमा पालिकाका १२ वटै वडाहरुलाई कृषि तथा पशुपालन पकेट क्षेत्रको रुपमा घोषणा गरी सो अनुसारका कार्यक्रम लागु गरिने छ ।
- कृषि कार्यको लागि आवश्वयक रासायनिक मल, बीऊ तथा उन्नत बिज वितरण तथा सो मा अनुदानको व्यवस्था गरिने छ । रासायनिक मलमा ढुवानीमा अनुदान दिइने छ ।
- अर्ग्यानिक कृषि पकेट क्षेत्रको विकासका लागि **एक वडा एक अर्ग्यानिक फर्म** स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ । उक्त जग्गाहरुलाई अन्य प्रयोजनमा समेत प्रयोगमा ल्याइनेछ । सम्भव भएसम्म त्यस्ता फर्महरु सामुहिक रुपमा संचालन गर्न प्रोत्साहन गरिने छ ।
- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न गाउँपालिका भित्र सञ्चालित दुग्ध संकलन तथा प्रशोधन केन्द्र (डेरी)मा दुग्ध विक्रि गर्ने **किसानलाई प्रति लिटरमा रु. ४ अनुदान दिने कार्यलाई निरन्तरता दिइने । उक्त अनुदान रकम स्थानीय सहकारी संस्थासंगको समन्वयमा सिधै किसनको बैक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।** दुग्ध प्रशोधन गरी दुग्धजन्य उत्पादन गर्न चाहने कृषकको लागि तालिम तथा औजार उपकरणमा अनुदानको व्यवस्था गरिने छ । थप केही वडामा दुग्ध चिस्यान केन्द्रका रुपमा चिलिङ भ्याट स्थापना गरिने छ ।
- दुग्ध उत्पादक किसानहरुलाई उत्प्रेरित गर्न न्यूनतम ब्याजदरमा कर्जा उपलब्ध गराउने नीति लिइनेछ ।
- परम्परागत खेति प्रणालीलाई प्रतिस्थापन गरि उत्पादनमा विविधिकरण मार्फत कृषिलाई आधुनिकिकरण वजारीकरणलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिका स्तरमा रहेका खेतीयोग्य तर जनशक्तिको अभावमा बाँझो रहेका जग्गालाई **भूमि बैंक** स्थापना गरि उक्त बैंकमा जग्गा प्राप्तीको प्रकृया थालिने छ । भुमी बैंकमा प्राप्त हुन आएका जग्गाहरु जग्गाको अभावमा खेतीगर्न नपाएका कृषकहरुलाई सकेसम्म सामुहिक खेती प्रणाली मार्फत परिचालन गर्ने नीति लिइने छ । भूमि बैंकमा आबद्ध हुन चाहने कृषकहरुलाई १ पटकका लागि जग्गाको तिरो तिरानमा विशेष सहुलियत प्रदान गरी प्रोत्साहन गरिनेछ ।
- कृषी तथा पशुपंक्षी सन्वन्धी ५ वर्षे योजना वनाइ कार्यान्वयन गरिनेछ ।
- **एक वडा, एक क्षेत्र ,एक उत्पादनको** नीतिलाई प्राथमिकता दिईने छ । हरेक वडाको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरि कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरिने छ ।

- गाँउपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार पशुहरुलाई बिमागर्न आवश्यक बिमा प्रिमिएम रकममा ५० प्रतिशत अनुदान दिईनेछ । १ घर कम्तीमा १ पशु भन्ने मान्यताका आधारमा व्यवायिक पशुपालनमा आबद्ध गरिने छ । कृषि सहकारी मार्फत विमाको कार्यक्रम सञ्चालन हुने प्रवन्ध मिलाइने छ ।
- उन्नत नस्लका बोका खरिदमा २० प्रतिशत अनुदान दिईनेछ । गोठसुधार, कार्यक्रम, भकारो सुधार कार्यक्रम, भर्विक कम्पोष्ट मल उत्पादनमा प्रोत्साहन गरिने छ । १ घर १ कृषि यन्त्र मान्यताका साथ यान्त्रिकीकरणमा जोड दिइने छ ।
- उच्च मुल्यका कृषि उपज उत्पादन गर्न यसै वर्ष देखि कृषकहरुलाई लक्षित गरि ५० प्रतिशत अनुदानमा हाइजेनिक टनेल निर्माण कार्यलाई उच्च प्राथमिकता दिइने छ । १ घर १ तरकारीको टनेलको नीति अवलम्बन गरी **प्रत्येक घर उत्पादनमै छ निर्भर** को नारा बमोजिम अघि बढाइने छ । वाली विमाको व्यवस्था सुरु गरी वाली विमामा अनुदानको प्रवन्ध मिलाइने छ ।
- सहकारी मार्फत दुधको प्रवर्द्धन गर्न उन्नत जातका गाइ र भैसी खरिदमा विशेष अनुदान वितरण गर्ने कार्यक्रमलाइ अगाडी वढाइने छ । यस वर्ष कम्तीमा कम्तीमा १०० वटा सम्म गाई किसानहरुको लागत साझेदारीमा खरिद गरि वितरण गरिनेछ ।
- हरीयाली प्रवर्द्धन गरी भुक्षय नियन्त्रण जैवीक विविधता सरक्षण र आम्दानी वृद्धि गर्न अनुदानमा फलफुलका विरुवा वितरण कार्यलाइ निरन्तरता दिइनेछ ।
- सहकारी मार्फत सहकारी सँगको लागत साझेदारीमा कृषकहरुको उत्पादनलाइ लक्षित गरि उत्पादित कृषि उपजलाइ सहज रुपमा वजार सम्म लैजान कृषि एम्वुलेन्स सचालनमा ल्याइनेछ ।
- २० रोपनीभन्दा बढी जग्गामा कृषि व्यवसाय गर्ने किसानलाई व्यवसायिक विज्ञ प्राविधिक सेवा निशुल्क दिइने छ भने त्यस्ता व्यवसायीलाई मल र बीउमा विशेष सहयोग उपलब्ध गराइने छ ।
- इन्द्रावती गाउँपालिकाको **मर्म जमिनमा कृषि कर्म** नाराका साथ किसानलाई कृषि कर्मका लागि अत्यावश्यक ट्याक्टर लगायतका कृषि यन्त्र तथा उपकरणहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइने छ । साना सिँचाई, थोपा सिँचाई, कृषि पोखरी निर्माण, वर्षद्को पानी संकलन गर्ने पोखरी निर्माण जस्ता कार्यमा सहायता दिइने छ ।
- बँदेल, बाँदर जस्ता जंगली जनावरहरुको नियन्त्रण गरी खेतीमा क्षेती नपुगोस् भन्ने हेतुले सामुदायिक वन क्षेत्रमा केरा, आँप, अम्वा, लिची, चिउरी जातका फलफुलका विरुवा रोपण कार्य गरिने छ ।
- वडा नं.७ मा निर्माण सम्पन्न भएको सित भण्डारलाई सहकारी सँगको साझेदारीमा संचालनमा ल्याई भण्डारमा फलफुल तथा तरकारी संकलन र सुरक्षणको कार्य प्रारम्भ गरिने छ ।
- गाउँपालिकामा कम्तीमा **एक नमुना कृषि फर्म** सञ्चालन गर्न यसैवर्षबाट कार्य प्रारम्भ गरी नमुना कृषि पाठशालाको रुपमा विकास गरिने छ ।
- वातावारण र जैविक विविधता समेत अनुकुलन हुनेगरी सबै प्रजातिका फलफुल तथा तरकारीजन्य विरुवा उत्पादन गर्नेगरी कम्तीमा १ **बहुउद्देश्यीय नमुना नर्सरी स्थापना** गरी सञ्चालनमा ल्याइने छ ।
- १२ वटै वडामा तरकारीका विरुवा उत्पादनको नर्सरी स्थापना गरिने छ ।
- किसानहरुको पहिचानको लागि किसान सूचीकरण किसान पहिचान परिचयपत्र वितरण कार्यको सुरुवात यसै वर्ष देखि सुरुवात गरिनेछ ।
- रसायनिक मल वितरणलाई सरल सहज र व्यवस्थित वनाउन मल वितरण कार्ड तयार गरि वितरण गरिनेछ ।
- निजी क्षेत्रको साझेदारीमा गाउँपालिकाको उपयुक्त स्थानमा कृषि औजार उपकरण मर्मत केन्द्र स्थापना गरिनेछ ।
- व्यवशायिक माहुरी पालन कार्यक्रम संचालन गरिनेछ ।
- व्यवशायिक रुपमा वृहत फर्म संचालन गरि व्यवशायिक रुपमा खसि वोका र राँगाको मासु विक्रि वितरण गर्ने किसानहरुलाई मासु विक्रिमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- व्यवशायिक कुखुरा पालन गर्ने किसानहरुलाई नतिजमा

### २.२ .सहकारी तथा गरिवी निवारण

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।
- सहकारी र टोल बिकास संस्था मार्फत सिपमुलक, स्वरोजगारमुलक तालिम संचालन गर्नुको साथै अबलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गर्न जोड दिइने छ । साथै महिला सहकारी विशेष कार्यक्रम संचालन गरिनेछ । सहकारी संस्थाहरुलाई व्यवस्थित गरी डिजिटल प्रणालीमा हिसाब राख्न अनिवार्य गरिने छ ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन गरी सहकारी क्षेत्रमा हुनसक्ने वित्तीय अनुशासन हीनतालाई पूर्णतः निस्तेज गरिने छ ।

- विषय मिल्ने सहकारीहरुको एकिकरणलाई प्रोत्साहीत गरीनेछ । नेपाल सरकार र गाउँपालिकाले तोकेको सप्ठवेयर संचालन गर्ने सहकारीहरुलाइ ५० प्रतिशत लागत साझेदारीमा सप्ठवेयरमा अनुदान उपलब्ध गराइनेछ
- सहकारीमा आधारीत चक्लाबन्दि खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
- सहकारीमा आधारित सुपथ मुल्य एग्रोभेट र सहकारी खुद्रा पशल र व्यवशायलाई अनुदानको व्यवस्था मिलाईनेछ  सहयोग गरिनेछ ।
- सहकारीहरुको प्रतिष्पर्धात्मक क्षमता विकास गर्न र सहकारीहरुलाई सहकारीकै सिद्धान्त वमोजिम संचालन गर्न प्ररित गर्ने उदेश्यले सहकारीहरुको वर्गिकरण गर्ने कार्य सूरुवात गरिनेछ र वर्गिकरणका आधारमा गाउँपालिकावाट प्रवाह हुने अनुदानलाई प्रवाहित गरिने र कार्य क्षमता र दक्षताका आधारमा गाउँपालिकाका विभिन्न क्रियाकलापहरुमा संलग्न गराइने नीति लिइनेछ  ।
- सहकारीका उत्पादनहरुको लेबलिङ, ब्राण्डिङ गरी त्यस्ता सामाग्रीहरुको बजारीकरणका लागि प्रदर्शनी मेला आयोजना गर्न सहयोग गरिने छ । उत्कृष्ट उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गरिने छ ।
- गरिबी निवारण कोष तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत गठन भएका सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा अनिवार्य आबद्ध गरि कोषको पहिचान गरि परिचालन गरिनेछ ।
- सहकारी व्यवस्थापन तथा लेखा व्यवस्थापन तालिमका माध्यमबाट सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरिनेछ
- सानाकिसान कृषि सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सहगोग गरिने छ ।

**२.३ घरेलु तथा साना उद्योग**

- वडा नं. १० को ठुलीटार क्षेत्रलाई उद्योग ग्रामको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिकामा उद्योग कल कारखाना र ठुला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वातावरण सुनिश्चित गरिनेछ ।
- उद्योग निर्माणमा त्रिपक्षीय साझेदारी( प्राइभेट, पब्लिक र सहकारी क्षेत्र) लाई प्रोत्साहन गरिने छ ।
- ठूला व्यवसायीलाई ब्याज अनुदानको ऋण प्राप्त गर्न बैंक तथा व्यवसायीबीच सहजीकरण गरिनेछ । स्थानीय कला, सीप, क्षमता र जनशक्तिको प्रयोगबाट उत्पादित वस्तुहरुको प्रयोगमा जोड दिइने छ ।
- स्थानीय सिपलाई आधुनिकिकरण र व्यावसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु संचालन गरिनेछ ।
- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्वर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।
- श्रम मुलक घरेलु तथा साना उद्योगहरुको विकास गरि रोजगारी सिर्जनामा सहयोगको लागि गाउपालिकाबाट **तालिम र घुम्तिकोषको** व्यवस्था गरिनेछ ।
- महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न शिपमुलक तालिमका साथै विउपुँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ । र उद्यमी समुह दर्ता र परिचालन गरिनेछ ।
- गाँउपालिका स्तरमा लघु उद्यम बिकास कार्यक्रम संचालन गरि साना, घरेलु तथा लघु उद्यमहरुको बिकास गर्न शिप, प्रविधि र बिउपुँजि उपलब्ध गराउने निति लिईनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघुउद्यम सञ्चालन गरि स्वरोजगार बनाउने साथै मुल्य श्रृंखलालाई सहकारी मार्फत अगाडी बढाईनेछ ।
- यस गाउपालिका भित्र रहेका वेरोजगार तर उद्यमी सोच भएका यूवाहरुलाई लक्षित गरि गाउँपालिकाको उपयुक्त स्थानमा लागत साझेदारीमा गारमेन्ट उद्योग संचालनमा ल्याइनेछ  ।
- गाउँपालिका भित्र लघु तथा घरेल उद्योग मार्फत स्थानीय पहिचान झल्काउँने उत्पादित सामाग्रीहरुको संकलन गरी विक्री वितरणका लागि कोसेली घर सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिका भित्र सञ्चालित लघु, घरेलु तथा सबैखाले व्यवसायलाई अनिवार्य रुपमा पालिका कार्यालयमा दर्ता तथा नवीकरण गरी करको दायरा भित्र समेटिने छ । साथै यसरी पालिकामा दर्ता हुन आएका व्यवसायीहरुलाई मात्र पालिकाले दिने सहयोग तथा अनुदान उपलब्ध गराइने छ ।
- वडा नं. २ मा सहकारी मार्फत लप्सी प्रशोधन उद्योग स्थापना गरी कम्तीमा १० जना युवालाई रोजगारी सिर्जना गरिने छ ।
- २ वडा बराबर कम्तीमा एक मझौला उद्योग स्थापना गर्ने नीति लिइनेछ ।
- व्यवशायिक रुपमा जडिबुटी उत्पादन ,प्रशोधन, वजारीकरण गर्ने उद्यमी र किसानहरुलाई प्रोत्साहन गर्ने निति लिइनेछ ।
- सहकारी र निजी क्षेत्रको सँगको समन्वयमा गाउँपालिकामा गलैचा उद्योगको स्थापना गर्न पहल गरिनेछ ।

- ***गाउँपालिकाले रेसादार तथा  औषधी जन्य विरुवाहरु जस्तै अल्लो ,सनपाट, लोक्ता र गाँजा खेती गर्ने किसानहरुलाई प्रोत्साहित गरी लघु तथा घरेलु उद्यम विकास गर्ने नीति लिइनेछ***
- गाउँपालिकाका यूवाहरुलाइ रोजगारी सृजन गर्न ईन्छुक यूवाहरुलाइ मोटरसाइकल ,जीप , टक,वस , टेम्पो मर्मत तालिम र व्यवशायिक योजना प्रदान गरिनेछ ।

**२.४ पर्यटन विकास**

- पर्यटकीय गुरुयोजना तयार भैसकेको क्षेत्रहरुमा क्रमश प्राथमिकताका आधारमा संरचनाहरु बनाउन सुरु गरिनेछ ।
- उच्च आर्थिक वृद्धि र रोजगारीको सम्भावना वोकेको पर्यटन क्षेत्रको विकासका लागि ऐतिहासिक महत्वका स्थानहरु नौलिङ्गेश्वरी महादेव, अनन्त वुद्ध विहार , नयाँ पानि , सतिको माने ,रणनैनेश्वर महादेव, खडपुरेश्वर महादेव, गौखुरेश्वर महादेव, अभयानन्द गुफा, हवेली दरवार, बुद्ध रिक्रिएसन पार्क, गंगुर घ्याङ, गैह्री घ्याङ लामा गुफा, रानी ओडार, चिल्ड्रेन पार्क, बुढीचौर, गजाधर भिमेशेन मन्दिर , चन्द्रावती एकादशी मेला ,अक्षश्वर महादेव मन्दिर , वालदेवी मन्दीर , पातलको देवी सातकन्या पाच कन्या ,दारे गौडा देवी थान ,जोगीडाडा सरस्वती मेला , सिंगेश्वरी महादेव मेला , नौलिगेश्वरी महादेव, भोर्लेकोट घ्याङ, कमलादेवी मन्दिर, गोल्माथान लगायत क्षेत्रको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । ईन्द्रावती गाउँपालिका वडा नं. ४ स्थित नवलपुरमा निर्मित भुकम्प स्मारक भृकुटी शान्ति पार्कमा हरेक वर्ष वैसाख १२ गते  भूकम्पमा दिवंगतहरुको सम्फनामा विशेष कार्यक्रम गरी स्मरण गरिनेछ ।
- वडा नं. ५ मा रहेको १२ वर्षको हिँउदको समयमा पानी पलाउँने ऐतिहासिक नयाँपानी क्षेत्रमा धार्मिक तथा पर्यटन महोत्सव आयोजना गरी पर्यटन प्रवर्धन गरिने छ । उक्त क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ ।
- पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा तथा चर्चहरुको संरक्षण र संम्बर्द्धन गरी धार्मिक, साँस्कृतिक पर्यटकहरुको आर्कषण बढाईनेछ ।
- प्रत्येक वर्ष जनै पूर्णिमाको दिनमा लाग्ने नौलिंगेश्वरी जात्रा, तीजमा लाग्ने रणनैनेश्वर महादेवको जात्रा, ऐसेलुखर्क, नवलपुर लगायतका स्थानमा नेवारी समुदायको विशेष जात्रा गाइजात्रा, लाखेजात्रा......... लगायत जात्राहरुको प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गरिने छ ।
- वडा नं. ५ मा रहेको गोल्मेश्वर गुफामा ऐतिहासिक तथा पुरातात्विक तथ्यको अध्ययन, अन्वेषण गरी पर्यटन प्रवर्द्धन गर्नको लागि गुरु योजना बनाई आवश्यक कार्य प्रारम्भ गरिने छ ।
- साँस्कृतिक रुपले धनी यस गाउँपालिकाको नौलिंगेश्वरी, गुफाडाँडा क्षेत्र तथा वडा नं. ११ र १२ को माफ्री एवम् दनुवार संस्कृतिलाई लक्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरु आकर्षण गर्न होमस्टे, गुम्वास्टे र होटलस्टेको व्यवस्थाका लागि स्थानीय वासिहरुलाई आवश्यक सीप प्रदान गरिनेछ । यसवाट स्थानीय वासीहरुको आय आर्जनमा वृद्धि गर्ने नीति लिईएकोछ । गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन वोर्ड संगको सफ्रेदारीमा तर्जुमा गरिएको एकीकृत पर्यटन गुरु योजना कार्यान्वयमा ल्याईनेछ ।
- यस गाउँपालिकामा बसोबास गर्ने तामाङ, शेर्पा, ह्याल्मो, भुजेल, गुरुङ, मगर, कुँवर(फेरी लगाउँने जोगी) लगायतका आदिबासी जनजातिहरुको संस्कृति प्रवर्द्धन गरी पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास गरिने छ ।
- नवलपुरबाट लहरेमाने, गुफाडाँडा, नौलिङ, ओखेनी पर्यटन पदमार्गको बिकास गरिने छ । साथै छिमेकी पालिकासंग समन्वय गरी अन्तर पालिका पर्यटन प्रवर्द्धनमा जोड दिई गुफाडाँडा र पाँचपोखरीको गन्तव्य मार्गका रुपमा इन्द्रावतीलाई विकास गरिने छ ।
- पर्यटकलाई आकर्षषण गर्नका लागि नमुना बस्ती विकासको अवधारण बमोजिम स्थानीय जाति र संस्कृति फल्किने गरी एकीकृत बस्ती विकास गरिने छ ।
- गाउँपालिका भित्र बहु सास्कृतिक संग्राहालय स्थापना गरिने छ ।

**२.५.खानेपानी तथा सरसफाई**

- पालिकाकै गौरवको रुपमा रहको इन्द्रावती बृहत खानेपानी आयोजनाको कामलाई तीव्रता दिई समयमै आयोजना पुरा गरी जनताको खानेपानीको आधारभूत माग र आवश्यकतालाई पुरा यसै आ.वमा गरिनेछ  । १ घर १ धाराको अभियानलाई व्यवस्थित गरि करिव ४४०० घरधुरीमा धारा पुरयाइने छ  । सामुदायिक विद्यालय तथा सरकारी कार्यालयमा सुरक्षित र स्वच्छ पिउँने पानीको प्रवन्ध मिलाइने छ ।

- निर्माणको चरणमा रहेका विभिन्न बृहत खानेपानी योजनाहरु यसै आ.व.मा सम्पन्न गर्ने गरि रकम बिनियोजन गरी सम्पन्न गरिने छ । सम्पन्न भई संचालनको तयारीमा रहेका आयोजनाहरु तुरुन्त संचालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- इन्द्रावती बृहत खानेपानी आयोजनाको कामलाई थप गति दिई समयमा सम्पन्न गर्न पहल गरिने छ । आयोजनाले समेट्न नसकेको क्षेत्रलाई पुनः अध्ययन गरि आयोजना क्षेत्रमा समेटिने छ । उक्त आयोजना पुरा नहुँदासम्मका लागि आवश्यकता र मागका आधारमा तत्कालका लागि विशेष व्यवस्था गरिनेछ ।
- गांउपालिका स्तरीय **खानेपानी उपभोक्ताहरुको सञ्जाल** गठन गरिने छ । उक्त सञ्जाल मार्फत सम्पुर्ण योजनाहरुलाई दिगो एवं भरपर्दो रुपमा संचालनको व्यवस्था मिलाईनेछ । खानेपानी मर्मत संभार कोषलाई वृद्धि गरि विग्रे भत्केका आयोजनाहरुको मर्मत सुधारका कार्य यसै कोष मार्फत गरिने छ । ईन्द्रावती वृहत खानेपानी उपभोत्ता समिति गठन गरि कार्यविधी वनाइ लागु गरिनेछ ।

- इन्द्रावती गांउपालिकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहकार्य गरी **पूर्ण सरसफाईका पाँच प्लस एक** सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।
- फोहरमैला व्यवस्थापनका लागि उपयुक्त स्थान छनौट गरी आवश्यक कार्य अघि बढाइने छ। फोहर व्यवस्थापनका लागि जनचेतनामुलक विशेष कार्यहरु सञ्चालन गरिने छ। कुहिने फोहरबाट कम्पोष्ट मल बनाउँन अभिप्ररित गरिनेछ।
- सार्वजनिक स्थलहरुमा फोहर राख्ने डस्टविन राखिनेछ। उक्त डस्टविनमा नकुहिने फोहरमात्र फाल्ने व्यवस्था मिलाइने छ। फोहर मैला संकलन तथा व्यवस्थापन पद्धति (MRF) अवलम्बन गरिने छ।
- खानेपानीका मुहानको संरक्षण गर्न उच्च जलाधार क्षेत्र तथा सीमसार क्षेत्रमा वृक्षारोपण तथा भूक्षय नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ। खानेपानीका मुहान क्षेत्रको सरसफाईमा विशेष ध्यान पुर्याइने छ।

**३.सिचाईं**

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी **जनसहभागितामा आधारित सिचांई कार्यक्रम** निरन्तर सञ्चालन गरिनेछ।
- संघ, प्रदेश तथा स्थानीय सरकारको सह लगानीमा संचालन हुने बृहत सिचाई आयोजनाका साथै पालिका स्तरबाट संचालन हुने साना सिचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ।
- निर्माणाधिन सिचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शि बनाउनको लागि उपभोक्ता समितीलाई तालिमद्धारा सक्षम बनाइनेछ।
- सिचाइ सुविधा कम भएका इन्द्रावती नदी किनारका कम्तीमा ४ स्थानमा कृषि क्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिचाई आयोजनाहरु संचालन गर्न भूमिगत जल सिँचाई आयोजना लगायतका साझेदार निकाय संगको समन्वयमा निर्माण गरिनेछ।

**३.१.बैकल्पिक उर्जा**

**"घर भित्रको वायु प्रदुषण मुक्त"**गाउपालिका घोषणा गर्ने अभियानको थालनी गर्न निम्न कार्यक्रम हरुलाई साझेदार व्यक्ति/निकायसंगको समन्वयमा उचित अनुदानको व्यवस्था गरिनेछ।

- विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइने छ। विद्युतीय चुलोको खरिदमा विशेष अनुदानको व्यवस्था गरिने छ।
- जनताको स्वास्थ्य तथा दाउराको खपत कम गर्न सुधारिएको चूलो जडान गर्न नागरिकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- सार्वजनिक निजी साझेदारीमा गाउँपालिकाका संभाव्य स्थानहरुमा गोबरग्याँस प्लान्ट स्थापनामा पहल गरिनेछ।
- सौर्य उर्जाको प्रवर्द्धन गरिनेछ ।

**३.२ युवा तथा खेलकुद**

- कार्यविधि तयार गरी गाउँपालिका स्तरीय खेलकुद परिषद् गठन गरी पालिकाले सञ्चालन गर्ने सबै प्रकारका खेलकुदका कार्यक्रमहरु यसै परिषद् मार्फत सञ्चालन हुने प्रवन्ध मिलाइने ।
- युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वरोजगार बन्न चाहेमा अनुदानको विशेष व्यवस्था गरिने छ।
- ईन्द्रावती गाउँपालिकाको व्यापार, व्यवशाय, रोजगारी र गाउँपालिकाको पहिचानलाई जिल्ला स्तरमा पहिचान पुराउन साविकका वर्षमा संचालन भई आएको अध्यक्ष कप फुटवल प्रतियोगितालाई जिल्ला स्तरिय वनाउन ईन्द्रावती अध्यक्ष कप फुटवल प्रतियोगिताको रुपमा रुपान्तरण गरि प्रत्येक वर्ष सहिद दिवशको अवशरमा सोही दिन देखी संचालन गर्ने र राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- पालिका स्तरमा कम्तीमा एक कवर्ड हल, खुला व्यायामशाला तथा योग साधना केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइने छ। १२ वटै वडामा हेलिप्याड सहितको कम्तीमा एक खेलकुद मैदान निर्माण गरिने छ।
- इन्द्रावती गाउँपालिका युवा परिषद् गठन गरि युवा लक्षित कार्यक्रमहरु, युवा सम्बन्धी नीति यसै मार्फत तर्जुमा गरि सञ्चालन गरिने छ।
- राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषद् संगको सहकार्य र समन्वयमा नमुना युवा संसद सम्बन्धि अभ्यास गरिने छ।
- पालिकामा स्थायी घर भएका राष्ट्रिय तथा आन्तर्राष्ट्रिय खेल जीवनमा पदक जितेका खेलाडिहरुलाई सम्मान गरिने छ।
- माझी , दनुवार , तामाग र दलित समुदायका युवाहरुलाइ सार्वजनिक सेवामा आर्कषित गर्न गाउँपालिकाको केन्द्रमा लोक सेवा, आयोग शिक्षा सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न सहयोग गरिने छ।
- युवा क्लवहरुको गठन र परिचालनमा विशेष सहयोग पुर्याइने छ।

- युवाहरुलाई क्षमता विकासका साथै आयआर्जनमुलक कार्यमा जोड्न प्राविधिक शिक्षा मार्फत  पढ्दै कमाउँदै कार्यक्रम अभियानकै रुपमा अघि बढाइने छ ।
- खेलकुदलाई व्यवसाय बनाउँन चाहने युवाहरुका लागि खेलकुद प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

४. **बातावरण तथा विपद व्यवस्थापन**

**४.१ वन, वनस्पति, भू संरक्षण र वातावरण**

- विकास आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ । साथै नदी नियन्त्रण पहिरो रोकथाम गर्न पालिका स्तरिय विपद मार्फत नदी कटान तथा पहिरो जान सक्ने स्थान पहिचानको कार्य थालनी गरिनेछ ।
- हावापानी कार्यालय सँग समन्वय गरि गाउँपालिकाको वडा नं ४ वडा नं ८ र वडा नं १२ सम्म हावापानिको मापन गर्ने यन्त्र जडान गर्न पहल गरिनेछ ।
- गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा **वातावरण मैत्री स्थानीय शासनको अवधारणा**लाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता महासंघ ,सामुदायिक वन उपभोक्ता समुह तथा कबुलियती वन समुहहरुसंगको सहकार्यमा बृक्षारोपण र वन संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । साथै सामुदायिक वन उ स र कवुलियती वन समुहहरु वडा कार्यलयमा दर्ता र नविकरण गर्ने व्यवस्थाको थालनी गरिनेछ ।
- ऐलानी, पर्ती, सार्वजनिक जग्गा यकिन गरी त्यस्ता जग्गाको संरक्षण गरिनेछ । अतिक्रमित जग्गा खालि गराउने तथा खालि जग्गाहरुमा घेरावार गर्ने कार्यलाई प्राथमिकताका साथ यसै वर्ष थालनी गरिनेछ । यस्ता सावर्जनिक जग्गामा सामुहिक रुपमा उत्पादनमुलक कार्य सञ्चालनमा प्रोत्साहन गरिने छ ।
- वर्षौंदेखि ऐलानी जग्गा जोतभोग गरी आएका धनीपूर्जा नभएका इन्द्रावती नदी किनारका किसानहरुलाई आवश्यक प्रक्रिया पुरा गरी धनीपूर्जा वितरण गर्न पहल गरिने छ ।
- बिपद व्यवस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभावकारी बिपद व्यबस्थापनको लागी कार्ययोजना बनाई लागू गरिने छ । जोखिम युक्त स्थानमा रहेका एबम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुर्नस्थापना गरिनेछ ।
- **विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका** बमोजिम बिपदबाट प्रभाबित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनमा युवाहरुलाई परिचालन गर्ने नीति लिइने छ ।
- आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरि विपद्को समयमा सोही केन्द्रबाट विपद्को पूर्व सूचना, खोज, उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा तहमा विपद् व्यवस्थापन समिति बनाई क्रियाशील बनाइने छ ।
- पालिका तथा वडा तहमा अत्यावश्यक खोज तथा उद्धार र राहतका सामाग्रीहरुको भण्डारण गरिने छ । समुदाय तहमा युवाहरुलाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- वडा तथा पालिका स्तरमा विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।
- जलबायु अनुकुलन तथा जैबिक बिबिधता सम्बन्धि बिशेष योजना बनाई कार्यक्रम संचालन गरिने छ ।
- यस इन्द्रावती गाँउपालिकाका केही क्षेत्रहरु चट्याङका दृष्ट्रीकोणले अति संवेदनशिल क्षेत्र देखिएको हुँदा यसबाट हुने जनधनको क्षेती न्यूनिकरण गर्न आवश्यक कार्यक्रम पहिचान गरि कार्यन्वयन गरिने छ ।
- **बन पैदाबरमा आधारित काष्ठ तथा जडिबुटिजन्य उद्योग** संचालनको लागि मापदण्ड लगायतका व्यवस्था परिमार्जन गरी सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन्, प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयन गरिने छ ।
- गाउँपालिका भित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री बनाउन जोड दिईनेछ । ग्रीन सिटीको रुपमा विकास गरिनेछ । वन क्षेत्रको बैज्ञानीक एवं दिगो व्यवस्थापन गरी महत्वपूर्ण वनस्पति एवं जडीबुटिको विकास र विस्तार गरिनेछ । जलवायु अनुकुलन र पर्यावरण संरक्षण कार्यक्रमलाई जोड दिइनेछ । क्रमिक रुपमा १२ वटै वडालाई वातावरणमैत्री वडा र वातावरण मैत्री गाउँपालिका घोषणा गर्नका लागि आवश्यक कार्य गरिनेछ ।
- कालोपत्रे भएका मुख्य सडकले छोएका वडाहरुमा वडा कार्यालय टोल विकास संस्था , गैसस र नागरीकहरुको सहकार्यमा सडकका दायाँ वायाँ किनारामा विरुवा रोपण गर्ने कार्य यसै वर्ष देखि सूरुवात गरिनेछ ।

- गाउँपालिका भित्रका पोखरी, ताल तलैया, वरपिपल चौतारीको संरक्षण र सम्वर्द्धन गरिनेछ। प्रदुषण नियन्त्रणको लागि वातावरणीय मापदण्डहरु निर्माण गरिनेछ। सामुदायिक वन उपभोक्ता समुहहरुसंगको सहकार्यमा सामुदायिक बन क्षेत्रमा बाँस, निगालो, अम्रिसो, अलैंचीमा आधारित उद्यमहरुको विकास गरिनेछ । सुरक्षित रिचार्च पोखरी निर्माण गरिनेछ।
- विपद् व्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ, विपद्को आवश्यक पूर्व तयारी तथा विपद्ध पश्चात उद्धार, राहत तथा पुर्नस्थापनामा जोड दिइनेछ। साथै विपद व्यवस्थापन गुरु योजनालाई क्रमिक रुपमा कार्यान्वयन गरिने छ।
- सामुदायिक वनहरुमा अमिलो जातको विरुवा रोप्ने कार्य , दाते ओखर ,तितेपाती, टिमुर, निम, अलैंची, धसिंग्रे जातका जडिबुटी खेतीलाई प्रवर्द्धन गरी आयआर्जन र वातावरण व्यवस्थापन गरिनेछ।

**५. सामाजिक विकास**

**५.१. बस्ती तथा शहरी बिकाश**

- **राष्ट्रिय भुमिहिन तथा सुकुम्बासी समस्या समाधान आयोग** संगको सहकार्यमा भुमिहिन सुकुम्वासी , भुमिहिन दलित तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजांच कार्यको गत वर्ष सुरु भएको कार्यलाई निरन्तरता दिई भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण गरिनेछ।
- संघ तथा प्रदेश सरकारको समन्वयमा बसोबासका लागि सुरक्षित पर्ति जग्गा छनौट गरि भुमीहिन सुकुम्वासीहरुलाई एकिकृत बस्ती निर्माण गरि बसोबासको प्रबन्ध मिलाउँन पहल गरिनेछ।
- **भू उपयोग नीति** तयार पारी व्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरीनेछ।
- **जोखिम वस्तिहरुको पहिचान गरि त्यस्ता वस्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य संघिय सरकार प्रदेश सरकार र गाउँपालिकाको सहाकार्यमा गरिनेछ।**

**५.२ .शैक्षिक विकास कार्यक्रम**

- शिक्षामा सवैको पहुँच कार्यक्रम सञ्चालन गरी विद्यालयभन्दा बाहिर कोहीपनि वालबालिका नरहँने कुरालाई सुनिश्चित गरिनेछ।
- गाउँ शिक्षा ऐन २०७५ वमोजिम मा. वि. तह सम्मको शिक्षा पूर्णतः निशुल्कः गरिनेछ। शैक्षिक बिकास कोषको स्थापना गरिने छ। गाउँपालिका भित्र संचालित २ वटै सामुदायिक क्याम्पसमा विद्यार्थी अनुपात बढाउँन विशेष अभियान सञ्चालन गरिनेछ । +२ गरिसकेका विद्यार्थीले अनिवार्य रुपमा स्नातक पढ्ने वातावारण मिलाइने छ। यसका लागि २ वटा सामुदायिक क्याम्पसमा विशेष अनुदानको व्यवस्था गरिनेछ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम बनाई लागु गरिने छ । कक्षा १ देखि नै अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाई सबै प्रकारका पाठ्यपुस्तक निशुल्क उपलब्ध गराइने छ।
- शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत कक्षा १ देखि १० सम्मका सबै विद्यार्थीहरुका लागि पोशाक निशुल्क उपलब्ध गराउँन सहयोगी संस्थाको खोजी गरि प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ।
- शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ।
- नेपाल सरकार तथा बागमती प्रदेश सरकार संगको सहकार्यमा आधारभूत तहका विद्यार्थीले पाउँदै आएको दिवा खाजाको रकम बृद्धि गर्न वास्तविक विद्यार्थीहरुको उपस्थिति र आवश्यक नियमन गरि साविक वमोजिम नै गाउँपालिकावाट दिवा खाजाको रकम लाई निरन्तरता दिइनेछ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख व्यवस्थापनलाई प्रविधी मैत्री बनाइनेछ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी कम भएका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा **शैक्षिक व्यवस्थापन अनुदान** प्रदान गरिनेछ । विद्यालय मर्ज भएर दरबन्दी मिलान गर्दा विद्यार्थी संख्या, कक्षागत संरचना र विषयगत विज्ञतालाई आधार मानिनेछ।
- उत्कृष्ठ विद्यालय, शिक्षक तथा उत्कृष्ठ अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिनेछ।
- भेटेनरी, सिविल इन्जिनियरिङ लगायत प्राविधिक शिक्षालयहरु स्थापना गरि संचालनमा सहयोग पुर्याईने छ । कम्प्युटर र कृषि प्राविधिक पठन पाठन हुने विद्यालयको पुर्वाधार विकासमा थप अनुदानको व्यवस्था मिलाइने छ।
- यस गाउँपालिकामा रहेका सवै विद्यालयहरुमा स्काउट, बाल क्लवको स्थापना र सञ्चलनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ।
- समुदाय स्तरमा सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरी सञ्चालनको व्यवस्था मिलाइने छ। विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालनमा विशेष जोड दिइने छ।
- समायोजनमा गएका विद्यालयहरुको भवन तथा सम्पत्ति संरक्षण गरिने छ । समायोजन भएका विद्यालयको फर्निचर लगायतका सामानहरु आवश्यकताका आधारमा अर्को विद्यालयमा प्रयोगमा ल्याउँने व्यवस्था गरिने छ।

- पालिका स्थायी घर भई विद्यावारिधी पुरा गरेका व्यक्तित्वहरुको सम्मान गरी पुरस्कृत गरिने छ ।
- आर्थिक रुपले विपन्न तथा अभिभावक गुमाएका वालकालिकालाई छात्रवृत्ति प्रदान गरी कम्तीमा स्नातक तहसम्मको पठन पाठनको व्यवस्था गर्न **दुहुरा वालवालिका संग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता, अशक्त तथा शारीरिक रुपमा फरक क्षमता भएका बालवालिकाको कम्तीमा आधारभूत तहको पठन पाठनका लागि ऐंसेलुखर्क मा.वि.मा आवश्यक पुर्वाधार खडा गरि आगामी शैक्षिक सत्रबाट आवासीय पढाई प्रारम्भ गरिने छ ।
- गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग र प्रधानाध्यापकले शिक्षकहरु कार्यसम्पादन सम्झौता गरी शैक्षिक उपलब्धी हासिल गरिनेछ ।
- १२ कक्षासम्म अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड उपलब्ध गराउँने व्यवस्था मिलाइने छ । प्रयोग गरिएका स्यानिटरी प्याडको नष्ट गर्ने आवश्यक प्रवन्ध मिलाइने छ । सबै विद्यालयलाई वालमैत्री विद्यालयका रुपमा विकास गरिने छ ।
- एक विद्यालय एक करेसाबारी तथा हरेक विद्यालय एक फुलबारीको अवधारणा बमोजिम विद्यालयमा फुलबारी र करेसाबारी निर्माणमा जोड दिइने छ । नमुना विद्यालयको अवधारणलाई निश्चित मापदण्ड बनाई कार्यन्वयन गरिने छ ।
- वागमती प्रदेश सरकारसंगको समन्वय र साझेदारीमा एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिई यस वर्ष थप माध्यमिक विद्यालयमा विस्तार गरीदिनु हुन प्रदेश सरकारलाइ अनुरोध गरिने छ ।
- पालिकाबाट एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गरेको विद्यार्थीले माथिल्लो कक्षामा प्राविधिक शिक्षा अध्ययन गर्न चाहेमा स्नातक तहसम्मको निजको शैक्षिक शुल्कः गाउँपालिकाको तर्फबाट व्यहोरिने छ । विपन्न नागरिक मध्येका उत्कृष्ट १ छात्र र १ छात्रालाई उच्च शिक्षा हासिल गर्न शैक्षिक छात्रवृत्तिको विशेष व्यवस्था गरिने छ ।
- सिपातिनघरे संस्कृत मा.वि.मा गुरुकुलिय शिक्षा पद्धतिको माध्यमबाट पठनपाठन गराइ संस्कृत भाषा र साहित्यको संरक्षण र संवर्द्धनमा विशेष जोड दिइनेछ ।
- समायोजनमा गई दुरीका कारण विद्यार्थीले बीचैमा पढाई छोड्ने वातावरण बन्न नदिनका लागि आवशासिय विद्यालयको स्थापना गरिने छ ।
- इन्द्रावती गाउँपालिका भित्र मा.वि. विहीन वडाहरुमा प्राविधिक धारको माध्यमिक कक्षा सञ्चालनको पहल गरिने छ ।
- गाउँपालिका वाल विकास गर्न आवश्यकताको अध्ययन गरि वाल विकास केन्द्र संचालन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक क्षमता विकास, वि.व्य.स. क्षमता विकास, शैक्षिक सामाग्री तथा कक्षा कोठाको व्यवस्थापन गरी शैक्षणिक मूल्यांकन पद्धतिलाई प्रभावकारी बनाइने छ ।
- अझै पनि केही विद्यालयहरुले दलित छात्र छात्राहरुवाट लिइ राखेकौ विभिन्न प्रकारका सुल्कहरुलाइ मिनाह गरिने व्यवस्था मिलाइनेछ ।
- शैक्षिक गुणस्तर सुधार गर्न कक्षा ८ र कक्षा १० लाई गाउँपालिका , सम्वन्धित विद्यालय र अभिभावकहरुका० समन्वयमा आवाशिय कक्षा संचालन गरिनेछ ।
- शैक्षिक प्रशासनलाइ चुस्त दुरुस्त प्रभावकारी वनाउन र शैक्षिक गुण स्तर वृद्धी गर्न योग्यता पुगेका शिक्षकहरु मध्येवाट आन्तरिक प्रतिष्पर्धावाट परिक्षा लिइ प्र.अको छनोट गरिनेछ ।त्र

**५.३ .स्वास्थ्य सेवा**

- सम्भावित महामारीबाट सर्जना हुनसक्ने सम्भावित जोखिमप्रति पूर्व तयारीलाई प्राथमिकता दिई **मानव जीवन बचाउने** अभियानलाई पहिलो प्राथमिकता दिईनेछ ।
- वडा नं ४ मा रहेको नवलपुर अस्पतालमा सेवा बिस्तार गरी थप सुबिधा सम्पन्न गरिनेछ । आवश्यक मात्रामा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरि थप क्षमता अभिबृद्धि गरिनेछ ।
- नेपाल सरकारबाट प्राप्त हुने सबै प्रकारका औषधीहरु जुनसुकै स्वास्थ्य इकाइहरुबाट सहज रुपमा निशुल्क पाउने व्यवस्था सुनिश्चत गरिनेछ ।
- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य बनाउन तथा वर्तमान परिस्थितीसंग सामना गर्नसक्ने वनाउन प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुलाई आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ । स्वास्थ्य संस्थाहरुमा इन्टनेट सुबिधा विस्तार गरि अनलाइन परामर्श सेवा उपलब्ध गराइनेछ । स्वास्थ्य संस्थाहरुमा खानेपानी, विद्युत तथा शौचालयको यथोचित प्रवन्ध गरी बिरामीमैत्री वातावरण निर्माण गरिनेछ ।
- राष्ट्रिय महिला स्वास्थ स्वयंसेविकाहरुको सेवाको उचित मूल्यांकन गरिनुको साथै उनिहरुको क्षमता अभिवृद्धी तालिम संचालन र **राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कोष** लाई व्यवस्थित गरिनेछ । उनीहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक थप रु १०००। एक हजार रकमलाइ निरन्तरता दिइने छ ।
- उपाध्यक्षसंग सुत्केरी कार्यक्रम अन्तर्गत आमाहरुको प्रसुती स्वास्थ संस्थामा गराउने सुनिश्चितताका लागि महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा नेपाल सरकारले उपलब्ध गराएको रकममा रु.१००० थप प्रोत्साहन स्वरुप र पोषणका लागि **संस्थामा अण्डा घरघरमा झण्डा** कार्यक्रम

अन्तरगत एक क्रेट अण्डा उपलब्ध गराउने कार्यक्रमलाइ निरन्तरता दिइनेछ । घरमा हुने प्रसुति शुन्य घोषणा गर्न आवश्यक तयारी अघि बढाइने छ । प्रसुती पूर्वको स्वास्थ्य परीक्षण निशुल्क गरिनेछ । बर्थिङ सेन्टर नभएका स्वस्थ्य चौकीलाई बर्थिङसेन्टरको सुविधायुक्त बनाइने छ । बर्थिङसेन्टरमा भिडियो एक्सरे मेसिन लगायतका आवश्यक यन्त्र, मेसिन र उपकरणहरु व्यवस्था गर्न सुरुवात गरिनेछ ।

- बालबालिकाहरुलाई खोपको पहुँच अभिवृद्धि गर्दै पूर्ण खोप युक्त गाउपालिका घोषणा गरि गाउँघर खोप क्लिनिक निरन्तरता दिईनेछ । टोलटोलमा खोप अभियानलाई सञ्चालन गरिनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत घुम्ती स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक महिना जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणका लागि जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
- **अनिवार्य स्वास्थ बिमा कार्यक्रम** संचालन गरि अति गरिव तथा विपन्न नागरिकहरुलाई स्वास्थ विमामा पहुचको लागि गाउपालिकाको तर्फवाट विमा गर्न **बिमा सहयोग कोषको** स्थापना गरिनेछ ।
- अनिवार्य रुपमा जाँच गर्न पर्ने समयमा गर्भ जाँच गराउन आउदाँ पोषणको व्यवस्था सहित उचित प्रोत्साहित गरिनेछ । सिघ्र कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निशुल्क उपचारको व्यबस्था मिलाईने छ ।
- आँखाका विरामीहरुको उपचारको समस्यालाई दृष्टिगत गरि वोडगाउँ आधारभुत अस्पतालमा आँखा क्लिनिक स्थापना गरि एक जना आँखा विशेषज्ञको नियुक्ती प्रकृया थालनी गरिनेछ । उक्त कार्यका लागि तिलगंगा आँखा अस्पतालसंग आवश्यक समन्वय गरिनेछ ।
- आर्थिक अभाव र भौगोलिक विकटताका कारण इन्द्रावती गाउँपालिकाको दुर दराजमा रहेका विपन्न नागरिकहरुलाई लक्षित गरि आँखा जाँच मोतियाविन्दु शिविरको आयोजना गरिनेछ । मोतियाविन्दु अपरेशन गर्ने नागरिकहरुका लागि रु २००० पोषण खर्च वापत उपलब्ध गराइनेछ । मोतियाबिन्दुको अपरेशन गर्दा लाग्ने एक तर्फि एम्बुलेन्स भाडा गाउँपालिकाले ब्यहोर्नेछ ।
- गाउँपालिकाका कुनैपनि नागरिकका लागि रक्त अभावका कारण ज्यान जान नपाओस भन्ने उद्देश्यले नेपाल रेडक्रसको ब्लड बैंकबाट रगत खरिद गर्दा सोको खरिदमा ५००० पाँच हजार रुपैया सम्मको वील गाउँपालिकामा पेश गरेमा उक्त बीलको रकम संवन्धित व्यक्तिलाई उपलब्ध गराइनेछ ।
- आर्थिक अवस्था कमजोर भएका ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई सुगर प्रेसर तथा मुटु सम्वन्धी दिर्घ रोगीहरुलाई अत्यावश्कीय औषधी निशुल्क उपलब्धतालाई निरन्तरता दिइनेछ ।
- पालिका भित्रका सबै नागरिकहरुलाई कोभिड –१९ बिरुद्धको खोप अनिबार्य रुपमा लागाइनेछ । पहिलो र दोश्रो मात्रा खोप पुरा गरेकाहरुलाई अनिवार्य बुष्टर डोजको ब्यवस्था गरिनेछ ।
- आमा समुहको नियमित बैठकको खाजा खर्च गाउँपालिकाको तर्फबाट व्यहोरिने छ ।
- प्रत्येक ३, ३ महिनामा १२ वटै वडामा स्वास्थ्य परीक्षण शिविर, आँखा शिबिर र महिला स्वास्थ्य शिबिर सञ्चालन गरिनेछ ।
- नेपाल सरकारले तोकेका आठ प्रकारका प्राण घातक दीर्घ रोगीहरुलाई यस अघि गाउँपालिकाले एक पटकका लागि दिँदै आएको रु १५ हजार रकमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकामा रहेका एम्बुलेन्सहरुको नियमन, व्यवस्थापन र सञ्चालनका लागि एम्बुलेन्स व्यवस्थापन समिति निर्माण गरि व्यवस्थित गरिनेछ । एम्बुलेन्स सञ्चालनमा देखा परेको समस्या समाधान गरिने छ । सबै एम्बुलेन्सहरुमा जिपिएस प्रविधि जडान गरिने छ ।
- हरेक स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापना गरिने छ ।
- खोप क्लिनिक तथा गाउँघर क्लिनिकलाई व्यवस्थित गरिने छ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माणको सुरुवात गरिने छ ।
- गाउँपालिका र नेपाल सरकारको स्थानीय जडीवुटीको प्रवद्धन विकास र योग ध्यानमहत्व को प्रचार पसार गर्न आयुर्वेदीक लाभ लिन गाउँपालिकामा एक आर्युवेद केन्द्र संचालन गरिनेछ

### ५.४. महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता

- महिला शसक्तिकरणका लागि मानव वेचविखन, घरेलु हिंसा, बहुबिबाह, नेतृत्व बिकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम, तथा महिला लक्षित आयआर्जन, शिपमूलक कार्यक्रमहरु सञ्चालन गरि महिलालाइ आत्म निर्भर बन्न प्रोत्साहन गरिनेछ ।

- घरेलु हिंसा, असुरक्षित वैदेशिक रोजगार, वहुविवाह, मानव वेचविखन लगायतबाट प्रभावित महिलाहरुलाई निशुल्क कानुनी सहायता प्रदान गरिनेछ । त्यस्ता महिलालाई अल्पकालिन संरक्षणका लागि **सेफ हाउस** संचालन गरी आश्रय प्रदान गरिनेछ र सो कार्यका लागि अन्य छिमेकी पालिकाहरुसंग समेत आवश्यक समन्वय गरिनेछ ।
- **शुखी र खुशी दम्पत्ति महिलाको दुवैको नाममा संयुक्त सम्पत्ति** अभियानका जग्गा जमिनको तथा सम्पत्तिको स्वामित्व कायम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाद्धारा सञ्चालित सहकारीहरुलाई महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालनमा बिशेष प्रोत्साहन गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगारीका लागि **सुरक्षित आप्रवासन कार्यक्रम** संचालन गरिनेछ । बैदेसिक रोजगारमिा जान चाहने महिलाहरुका लागि बिशेष परामर्श सेवा प्रदान गरिनेछ । साथै उच्च मुल्य भएका देशहरुमा वैदेशिक रोजगारीमा जान चाहने यूवाहरुलाइ प्रतिष्पर्धात्मक परिक्षा लिइ निशुल्क भाषा शिक्षा प्रदान गरिने छ ।
- इन्द्रावती गाउँपालिकालाई २०८० भित्रमा बालमैत्री पालिका बनाइनेछ । वडा स्तर तथा पालिका स्तरमा बाल सञ्जाल गठन गरी बालबालिकाहरुलाई वालमैत्री गाउपालिका घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम संचालन गरिनेछ । बाल बिबाह नियन्त्रणका लागि प्रदेश सरकारसंगको समन्वयमा बस्ती स्तरमा बिशेष जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालविवाह, वालश्रम, वालदासत्व विरुद्ध कार्यक्रमहरु वाल संजाल, वाल संरक्षण समिति र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।
- माझी र दनुवार समुदायमा रहेको वाल विवाह न्यूनिकरण गर्न २० वर्ष सम्म विवाह नगरेका र +२ पास गरेका युवतिहरुलाई वार्षिक प्रोत्साहन स्वरुप रकम दिन चेलि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- वालवालिकाको शारिरिक, मानसिक, र समग्र पक्षको क्षमता विकासका लागि प्रत्येक वडामा क्रमसः वालमैत्री उद्यान तथा बाल मानोरञ्जन स्थल, पार्क निर्माण गर्ने गरि वजेटको सुनिश्चिता गरिने छ ।
- पालिका तहमा वाल संरक्षण कोषको व्यवस्था गरिने छ ।
- गाउपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरि सवैले परिचय पत्र सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।
- अपाङताको प्रकृति हेरी अपाङता सहायता सामग्रीहरु उपलब्ध गराईने छ ।
- अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको सम्मान र उचित रेखदेख, पालन पोषण कार्यको लागि कार्यविधिको निर्माण गरि कार्यक्रम संचालन गरिनेछ ।
- श्रवण शक्ति कम भएका नागरिकहरुलाइ श्रवण शक्ति बृद्धि गर्न एक थान अडियोग्राम निशुल्क उपलब्ध गराइनेछ
- जेष्ठ नागरीकहरु एकल महिला विधवा महिला प्रति सम्मान प्रकट गर्न जेष्ठ नागरिक एकल महिला विधवा महिला सँग उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक एकल महिला विधवा महिला हरुको विषेश आवश्यकता र भावनालाई कदर गरि सम्मानित एवं सुरक्षित जिवनयापनमा सहयोग पुग्ने गरि **जेष्ठ नागरिक सहायता कोषको** स्थापना गरिनेछ । उक्त कोष मार्फत जेष्ठ नागरिकको नियमित निशुल्क स्वास्थ परीक्षण र नियमित खानुपर्ने औसधी निशुल्क वितरणको व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन वडा नं. ५ को गोल्माथानमा **जेष्ठ नागरिक आश्रम** संचालन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा रकम वितरण कार्यलाई बैक तथा सुरक्षा निकायसंग आवश्यक सहकार्य गरि वडा कार्यालय मार्फत बितरण गर्ने व्यवस्था गरिनेछ । ५५ वर्ष माथिका दलित एकल पूरुष र ६० वर्ष माथीका अन्य एकल पुरुषहरुका लागि मासिक रु ५०० भत्ता उपलब्ध गराइनेछ ।
- गाउँपालिकाका जेष्ठ नागरिकहरुको हित प्रवद्धनको लागि ८० वर्ष भन्दा माथिका सासु ससुराहरुलाई उचित रेखदेख, संरक्षण र सम्मान गर्ने वुहारीहरुलाई सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकको पालिका स्तरीय समिति निर्माण गरि जेष्ठ नागरिक सम्मानका बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडा नं. ७ मा आमा बुवा दिवा सेवा केन्द्र सञ्चालन गरिनेछ र वडा नं ७ मा संचालमा रहेको वृद्धाआश्रमलाइ थप व्यवस्थित गरिने छ ।

- नेपाल सरकारवाट क र ख श्रेणीमा वर्गिकृत अपांगता भएका नागरीकहरुलाइ सामाजिक सुरक्षा वापत भत्ता उपलव्ध गराउदै आएका तर ग  श्रेणी भएका अपागंता भएका नागरीकहरुलाइ पनि सामाजिक सुरक्षाको दायरामा ल्याउन राज्यवाट कुनै आर्थिक सुविधा नलिएका नपाएका अगपांग नागरीकहरुको पहिचान गरी  ग वर्गका अपाङ्गता भएका नागरिकहरुलाई मासिक रु ३०० उपलव्ध गराइनेछ
- पालिकामा स्थायी वसोवास गर्ने नागरिकहरुको मृत्यू भएमा किरिया खर्च वापत एकमुष्ट ५००० मात्र उपलव्ध गराईनेछ ।

**५.८ आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान**

- सिमान्तकृत, लोपोन्मुख तथा उत्पीडित जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गरिनेछ । उनिहरुको आर्थिक अवस्था सुधार गर्न **सीप विकास तथा आयमूलक कार्यक्रम**हरुमा पहुंच बृद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्वर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।
- दलित समुदायको अवस्था पहिचान गरि कार्यक्रम सञ्चालन गर्नका लागि दलित प्रोफायल तयार गरिनेछ ।
- आदिवासी जनजाति तथा दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक सीप तथा प्रबिधि हस्तान्तरण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- आदिबासी जनजाती तथा दलितहरुको हक हितको रक्षा, बिभेदको उन्मुलन तथा क्षमता बिकासका कार्य गर्नका लागि पालिका स्तरमा एक/एक  समिति बनाइनेछ ।
- अन्तरजातीय बिबाह गरेका दम्पत्तीलाइ परिबारले स्वीकार नगरेमा उनीहरुलाई सामाजिक सुरक्षा प्रदान गरिनेछ ।  साथै गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिकाको घोषणा गरिनेछ ।
- लोपोन्मुख तथा अल्पसंख्यक जातिको भाषा, धर्म, संस्कृतिको खोज, अध्ययन, अन्वेषण गरिनेछ ।

**५.९ साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता**

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धनको कार्यलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरि कार्यक्रमहरु संचालन गरिनेछ । प्राथमिक तह सम्म मातृ भाषामा अध्ययन गर्न प्रोत्साहित गरिनेछ । साथै स्थानीय पाठयक्रम र पाठ्यपुस्तक निर्माणका जोड दिइनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा जोड दिँदै सुशासन, पारदर्शीता, पर्यटन प्रवर्द्धन र गांउपालिकाले लिएका अग्रसरताहरु वा अभियानहरुको वारेमा जनतालाई सुसुचित गर्ने तथा नागरिकको सल्लाह सुझाव लिने पृष्ठपोषण सँयन्त्रको रुपमा सँचार क्षेत्रसंग सहकार्य गरिनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा सहयोग गरिनेछ । लोक कल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी र मितव्ययी बनाईनेछ ।
- आधारभुत पत्रकारिता तालिम कार्यक्रम संचालन गरि युवाहरु पत्रकारिता तर्फ आकर्षित गराउने नीति लिईनेछ ।
- विभिन्न विद्यालयहरु मार्फत साहित्यिक गतिविधिहरु संचालन गरिनेछ ।
- इन्द्रावती गाउँपालिका स्तरीय प्रज्ञा प्रतिष्ठान गठन गरि भाषा, साहित्य र संस्कृतिको संरक्षण संबर्धन र प्रवर्धन गरिनेछ । नियमित रुपमा पालिका स्तरीय साहित्यिक प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।
- मातृ भाषमा पालिका स्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**६. मानव संसाधन विकास कार्यक्रम :**

- जनप्रतिनिधीको कम्तीमा १० लाख बराबरको दुर्घटना तथा उपचार विमामा कार्यक्रमलाई निरन्तरत दिइनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति तथा ठेकेदार कम्पनीलाई  पुरस्कृत गरिने छ ।
- गाउपालिकाको निर्णय कार्यान्वयन, बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विष्लेषण गरि यसै आर्थिक वर्षमा **नगर प्रहरी**को दरवन्दिमा थप गरि करार सेवामा पदपुर्ति गरिनेछ ।

**६.सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन**

- सुचना प्रविधिको माध्यमवाट **विधुतिय सुशासन कायम गर्न** गाउपालिका तथा वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालयहरुमा सुचना प्रविधिको उपयोग बढाईनेछ । एकीकृत रुपमा सूचना व्यवस्थापनको कार्य गरिनेछ ।

- गाउँपालिका भित्रका प्रत्यक सार्वजनिका कार्यालयहरुमा सूचना अधिकारीको अनिबार्य व्यवस्था गरिने छ ।
- कर प्रणालिलाइ चुस्त, दुरुस्त तथा प्रबिधि मैत्री बनाई  कर, दस्तुर शुल्क अनलाइन बैकिंग प्रणाली मार्फत भुक्तानी गर्ने कार्य गरिनेछ ।
- गांउपालिकाका नीति कार्यक्रम लगायत महत्वपूर्ण सुचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शि बनाईने छ । **इन्द्रावती मोबायल एप बनाई** प्रयोग गर्न आम नागरीकलाई आव्हान गरिने छ । विद्युतीय सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- जिल्ला तथा गांउपालिकामा प्रकाशित/प्रशारण  हुने एफ.एम.,पत्रिका, अनलाईन खबर लगायत माध्यममा पारदर्शी रुपमा बिज्ञापन वा सुचना सामग्री उपलब्ध गराईने छ ।
- गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरिने छ ।

**६. सामाजिक परिचालन**

- समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समूहहरुको पुर्नगठन गरिने छ ।
- सामाजिक सशक्तिकरणको लागि वडा वडामा टोल बिकास संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।
- टोल विकास संस्थाहरुको संस्थागत विकास गर्न गाउपालिकामा सुचिकृत गर्ने, मसलन्द तथा अन्य सामाग्री सहयोग गर्ने नीति लिईनेछ ।
- टोल विकास समिति मार्फत सरसफाइ तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- उपभोक्ता समितिवाट हुने कामहरुलाइ टोल विकास संस्थाहरु मार्फत संचालन गर्न प्रोत्साहित गरिनेछ । साथै टोल विकास संस्थाहरुलाई ऋण पुजी र विउ पुजीको व्यवस्था गरिनेछ ।
    - टोल विकास संस्था गठनको प्रकृया सम्पन्न गरी उक्त संस्थाहरुलाई अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता गर्ने ब्वस्था गरिनेछ ।
    - टोल विकास संस्थाहरुको नेतृत्व विकास गरि **सामाजिक व्यवहार सुधार सम्वन्धि कार्यक्रम** संचालन गर्न प्रोत्साहित गरिनेछ ।
    - टोल विकास संस्था मार्फत विभिन्न खाले सचेतना र सरसफाई सम्वन्धि कार्यक्रम संचालन गरिनेछ ।

**७. गैर सरकारी संस्था/उपभोक्ता समिति तर्फ**

- गैर सरकारी संस्थाहरुले गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्नुपूर्व उसको कार्यक्रमका सन्दर्भमा योजना तर्जुमा प्रकृयामा अनिवार्य रुपमा सहभागिता जनाउँनु पर्ने छ ।
- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरि नीतिगत व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
- आयोजना सचांलन सम्बन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।
- समयमै र गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने **उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीहरु**लाई प्रोत्साहन गर्ने नीति लिईने छ ।

**८. आन्तरिक स्रोत परिचालन तर्फ**

- सम्पत्ती कर, विज्ञापन कर, ब्यबसाय कर, घर बहाल करलाई ब्यबस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो पार्न यसै वर्ष भित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- अनलाईन बैकिंग प्रणाली मार्फत कर दाखिला गर्न सकिने सुविधा प्रदान गर्न अनलाइन कर प्रणालीको सुरुवात गरिनेछ ।
- आगामी आर्थिक वर्षका लागि करको दर परिमार्जन नगरि करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ  ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**९. अनुगमन तथा सुपरीवेक्षण**

- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुविष्ठ वनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन । अनुगमन तथा सुपरिवेक्षण पश्चात प्रतिवेदन दिने र सोका आधारमा पृष्ठपोषण लिने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।

- गाउपालिका क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System)को मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउपालिकावाट संचालित ५ लाख भन्दा माथिका योजनाहरुको अनुगमन गाउँपालिकावाट हुने र सो भन्दा कम रकमको योजनाहरुको अनुगमन वडा स्तरवाट हुने र अनुगमन पश्चात मात्र भुक्तानी दिईने व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकामा हुने प्रवर्द्धनात्मक कार्यक्रमहरुको अनुगमन समितिले अनुगमन गरेपछि मात्र भुक्तानीको व्यवस्था मिलाइनेछ ।
- गाउपालिका क्षेत्र भित्र अन्य निकायहरुवाट संचालित आयोजना तथा कार्यक्रमको गाउँपालिका स्तरिय अनुगमन सुरपरिवेक्षण समिति वाट हुनेछ । अनुगमन तथा सुपरिवेक्षणमा देखिएका कमी कमजोरीहरु सुधार गर्नको लागि सम्वधित निकाय समक्ष अनुरोध गर्ने र अनुगमनको प्रतिवेदन गाउँकार्यपालिमा पेश गर्ने गरि परिचालन गरिनेछ ।
- हरेक आयोजनाहरुको बारेमा अन्तिम भुक्तानी पूर्व सार्वजनिक सुनुवाई अनिवार्य गरिने छ । वर्षको १ पटक आ.व. को मसान्तमा वडा स्तरीय र पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ । सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा वार्षिक रुपमा अनिवार्य सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.संगठन तथा सुशासन तर्फ**

- स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाइ अझ बढी व्यवस्थित र सुलभ बनाइने छ । भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली गाउँपालिकाको Website मा राख्ने व्यवस्था समेत मिलाइनेछ ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराइदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ
- स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।
- गाउँपालिकाद्धारा तयार भएको व्यवस्थापन तथा सर्वेक्षणलाई स्वीकृत गरि सो अनुसारको दरवन्दी पदपुर्ति प्रकृयालाई अगाडी वढाइनेछ ।
- वडा स्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने र मेलकर्ताहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

सभाध्यक्ष महोदय,

यस निति कार्यक्रम र बजेट कार्यान्वयनबाट इन्द्रावती गाउँपालिकाले आकस्मिक रुपमा आउने विभिन्न खालका महामारी प्रकोपवाट उत्पन्न मानवीय संकटवाट इन्द्रावती वासि दाजुभाई तथा दिदीबहिनीहरुलाई सुरक्षित राख्न, यस्ता प्राकृतिक प्रकोप तथा महामारीवाट सुरक्षित वनाउन केहि मद्दत पुग्ने विश्वास लिएको छु । यसै गरी नियमित विकास प्रकृया अन्तरगत विनियोजित कार्यक्रम र बजेट मार्फत इन्द्रावती गाउपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा मानविय क्षमता विकासका गतिविधि सम्पादन गरि इन्द्रावती गाउपालिकालाई सक्षम र समृद्ध वनाउदै लाने विश्वास लिएको छु । हामीले विकासका ठुला पुर्वाधार निर्माणका लक्ष्यसाथ शुरु गरेको यस वर्षको कार्यक्रमले पक्कै पनि ठोस परिणाम दिनेछ भन्नेमा म विश्वस्त छु । इन्द्रावती गाउँपालिकाको समृद्धिका लागि सहयोग र सद्भाव राख्नु हुने नेपाल सरकार, बागमती प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था,संचारकर्मी लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु । विनियोजित कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्बन्धीत सबै पक्षको सहयोग रहने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमाको क्रममाः मार्गनिर्देश गर्नु हुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु । साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा,

विभिन्न खालका महामारी र विश्वव्यापी आर्थिक मन्दी जस्ता असहजताका कारण कारण असहज वनीरहेको मानवीय सभ्यताको रक्षा, रोग, भोक र गरिविको दुष्चक्रवाट माथि उठने हाम्रो साझा प्रयासमा सवैको उत्तिकै योगदान आजको आवश्यकता हो । असिमित मानवीय तथा सामाजिक आवश्यकता तथा चाहना विच सिमित साधनद्वारा समृद्धी हासिल गर्न कुशल र मितव्ययी व्यबस्थापन जरुरी रहेको हुन्छ । यस ईन्द्रावती सरकारद्धारा तयार पारिएका नीति कार्यक्रम र बजेटले आर्थिक, सामाजिक विकासका अनेकौ सम्भावनाका ढोकाहरु पहिल्याएको सन्दर्भमा सबै एकबद्ध भयौं भने समृद्धि सम्भव देखिन्छ ।

धन्यवाद ।